# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

पत्र संख्या :- ०८१/०८२
चलानी नं :-

गण्डकी प्रदेश, नेपाल
मितिः २०८१/०४/०७

**विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना!!**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०७**

मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापन (सडक संचालन तथा बस्ती संरक्षण) को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुनेगरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण व्यबस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता, उपकरणहरुको बिलबुक र सवारी चालकको सवारी चालक अनुमतीपत्र लगायतका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा गाउँपालिकाले उपलब्ध गराएको फाराममा सम्वन्धित वडा प्राविधिक (साइट इन्चार्ज) ले प्रमाणित गरेको घण्टाको आधारमा प्रत्येक महिना बिल उपलब्ध गराइनेछ ।

२. प्रत्येक पटक गर्ने कार्यको गाउँपालिकाबाट लिखित कायदिश लिनुपर्नेछ। तर तत्काल कार्यदिश लिन सम्भव नभएमा, पछि कार्यदिश लिने गरी गाउँपालिका अध्यक्षको मौखिक आदेशमा काम गर्न सकिनेछ।

३. इच्छुक निर्माण व्यवसायीले सम्झौता भएको मिति देखि असोज मसान्त सम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ।विपद् व्यवस्थापनको कार्य गाउँ क्षेत्र भित्र ५ वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ।

४. इच्छुक निर्माण व्यवसायीले Tracked Excavator-१ (एक) थान, Backhoe Excavator (Wheeled) - २ (दुई) थान र Tractor-२ (दुई) थान तयारी अवस्थामा राख्नुपर्नेछ।

५. आफ्नै कम्पनीको उपकरण नभएमा अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ। यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एकभन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन् ।

६. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै व्यबस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ। यसका लागि गाउँपालिका समक्ष कुनै दावी गर्न पाइनेछैन।

७. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दूर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ।

८. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ३०,००० (अक्षरुपी तिस हजार रुपैयाँ मात्र) बराबरको रकम यस गाउँपालिकाको प्रभु वैंक, लि. मंगला शाखा, बावियाचौरमा रहेको खाता नं १५००११०३०९३०००६१ मा धरौटी जम्मा गर्नुपर्नेछ ।

९. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु १,००,००० (अक्षरुपी एक लाख रुपैयाँ मात्र) को ४ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा

तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट विपद् व्यवस्थापन कार्य गरिनेछ।

११. नियमानुसार सूचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालयको web site-www.mangalamun.gov.np मा यसैसूचना साथ संलग्न निवेदन र परिमाण तथा मूल्यसूची भरी तोकिए वमोजिमका कागजात संलग्न गरी खामबन्दी साथ नियमानुसार कार्यालय समयभित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ। यसरी दर्ता हुन आएका प्रस्तावपत्र ८ औ दिनको १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।तर प्रस्ताव खोल्ने समयमा प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव पत्र खोल्न कुनै बाधा हुने छैन ।

१२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनछैन ।

१३. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले सबै आइटमको छुट्टाछुट्टै दररेट पेश गर्नुपर्नेछ। यसरी पेश गरेको दररेटका आधारमा प्रति आइटम सबैभन्दा कम दररेट पेश गर्ने निर्माण व्यवसायीको दररेट स्वीकृत गरिनेछ। यसरी दररेट स्वीकृत गर्दा Backhoe Excavator (Wheeled) को न्यूनतम दररेटलाई मुख्य आधार लिइनेछ।

१४. खामबन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र र मेशिन सम्बन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्नेछ।

१५. दररेट प्रस्ताव फाराम यस कार्यालयको वेबसाइट www.mangalamun.gov.np बाट download गर्न सकिनेछ।

१६. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| S.N. | सामानको विवरण | परिमाण | अधिकतम मुल्य प्रति घण्टा (भ्याट बाहेक) | Remarks |
|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 |
| 1 | Tracked Excavator (150 HP or above) with bocket and breaker | 1 Nos | 4375.26 | |
| 2 | Wheeled Backhoe Excavator(90 HP or above) | 2 Nos | 2641.07 | |
| 3 | Tractor | 2 Nos | 1264.56 | |

(शिवकुमार पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत मितिः

मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी ।

विषयः औजारहरु भाडामा उपलब्ध गराउन दररेट सम्बन्धि प्रस्ताव पेश गरीएको सम्बन्धमा ।

श्रीमान,

प्रस्तुत विषयमा, मैले ......................................................................, को तर्फबाट तपाईंको कार्यालयद्वारा प्रकाशित मिति ..............................को ..........................................................................सम्बन्धी सूचना अनुसार विपदको समयमा सडक संचालनका लागि तहाँ कार्यालयको आवश्यकता अनुसारका औजारहरु भाडामा उपलब्ध गराउने सम्बन्धमा सूचनामा उल्लेखित शर्तहरुमा मन्जुर भई तोकिएको मूल्य परिणाम तालिका भरी यो प्रस्ताव पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

साथै, निवेदनसँगै तल उल्लेखित कागजातहरु संलग्न गरिएको छः

- कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि
- प्यान तथा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि
- पछिल्लो कर चुक्ता प्रमाणपत्र
- सामानको बिल बुक (सवारी साधन लगत किताव) को फोटोकपी ।
- सवारी चालकको अनुमती पत्रको प्रतिलिपि
- दररेट तथा मूल्य परिमाण तालिका

**प्रस्तावदाता**

नामः<br>
कम्पनीको नामः<br>
ठेगानाः<br>
सम्पर्क नम्बरः<br>
ईमेलः<br>
हस्ताक्षरः<br>
कम्पनीको छापः

मूल्य परिमाण तालिका

| क्र.सं. | सामान/उपकरणको नाम | भाडाको अवधिमा कामको रकम मुल्याङ्कनको ईकाइ | प्रस्तावित दर रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | | प्रति घण्टा | | |
| २ | | प्रति घण्टा | | |
| ३ | | प्रति घण्टा | | |
| | जम्मा | | | |
| | भ्याट रकम | | | |
| | कुल जम्मा | | | |

अक्षरुपीः..............................................................................................................।